# लम्कीचुहा नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : १ संख्या : २ मिति: २०७५/०४/१०

**भाग-१**

# लम्कीचुहा नगरपालिकाको नगर शिक्षा ऐन, २०७५

**लम्कीचुहा नगरपालिका**

**भल्का, कैलाली**

**प्रदेश नं. ७**

लम्कीचुहा नगरपालिका

मूल्य रु. १०।-

# लम्कीचुहा नगरपालिकाको नगर शिक्षा ऐन, २०७५

**प्रस्तावना :**
लम्कीचुहा नगरपालिकाका केही कानुन तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको सर्वाङ्गीण विकास गर्ने जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार शिष्टाचार नैतिकता कायम राख्न लम्कीचुहा नगरपालिकाभित्र सञ्चालन हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयको व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले लम्कीचुहा नगरपालिकाको नगरसभाले यो "लम्कीचुहा नगरपालिका आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

**प्रारम्भिक**
**संक्षिप्त नाम र परिभाषा**
**१. संक्षिप्त नाम र प्रारम्भ**
(१) यस ऐनको नाम "लम्कीचुहा नगरपालिका नगर शिक्षा ऐन, २०७५" रहेकोछ ।
(२) यो ऐन लम्कीचुहा नगरपालिका क्षेत्रभर लागु हुनेछ ।
(३) यो ऐन तुरुन्त लागू हुनेछ ।
(४) यो ऐन लम्कीचुहा नगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिमा प्रारम्भ हुनेछ ।

**२. परिभाषा : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -**
(क) **"ऐन"** भन्नाले लम्कीचुहा नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।
(ख) **"नगर कार्यपालिका"** भन्नाले लम्कीचुहा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।
(ग) **"नगरपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको लम्कीचुहा नगरपालिका सम्झनु पर्छ ।
(घ) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा उल्लेखित व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा १२ को प्रयोजनको लागि विद्यार्थीको बाबुआमा, बाजेबज्यै, त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने अधिकार प्राप्त व्यक्तिलाई समेत जनाउँछ
(ङ) **"पूर्वप्राथमिक विद्यालय"** भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्वप्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्दछ ।
(च) **"प्राथमिक शिक्षा"** भन्नाले कक्षा १ देखि ५ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।
(छ) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।
(ज) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौदेखि बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्दछ ।
(झ) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, सुस्तश्रवण र बौद्धिक अपाङ्गता वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकारको निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।
(ञ) **"समावेशी शिक्षा"** भन्नाले देहायको शिक्षा सम्झनुपर्छ :
(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा ।
(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।
(ट) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृति पाउने विद्यालय सम्झनु पर्छ ।
(ठ) **"संस्थागत विद्यालय"** भन्नाले कुनै व्यक्ति वा सहकारी संघसंस्थाद्वारा आफ्नै लगानीमा कम्पनीमा दर्ता भई वा शैक्षिक गुठीको रुपमा नियमानुसार अनुमति वा स्वीकृति लिई सञ्चालन भएका नियम ५ बमोजिमका विद्यालय भन्ने सम्झनुपर्दछ ।
(ड) **"आधारभूत विद्यालय"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।
(ढ) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

लम्कीचुहा नगरपालिका

(ण) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।
(त) **"विद्यालय"** भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ ।
(थ) **"शिक्षा शाखा"** भन्नाले लम्कीचुहा नगरपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा एकाइलाई सम्झनु पर्छ ।
(द) **"शिक्षक किताबखाना"** भन्नाले संघीय शिक्षा कानून वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।
(ध) **"शिक्षक सेवा आयोग"** भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरूको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।
(न) **"शिक्षा समिति"** भन्नाले स्थानीय तह लम्कीचुहा नगरपालिकाको कार्यपालिकाको कुनै सदस्यले नेतृत्व गरेको स्थानीय तहको सभाले गठन गरेको शिक्षा सम्बन्धी समिति सम्झनुपर्छ ।
(प) **"प्राथमिक विद्यालय"** भन्नाले कक्षा १ देखि ५ सम्म शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।
(फ) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देस्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।
(ब) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।
(भ) **"स्रोत केन्द्र"** भन्नाले तोकेको क्षेत्र अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर, तालिम, सुधार गर्ने एकाई भन्ने सम्झनु पर्दछ ।
(म) **"सामुदायिक शिक्षक"** भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकारबाट स्वीकृत वा अनुमोदन प्राप्त दरबन्दी अन्तर्गत व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षकसम्झनु पर्छ ।
(य) **"सामुदायिक सिकाइ केन्द्र"** भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्र लाई सम्झनु पर्छ ।
(र) **"संघीय शिक्षा ऐन"** भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।
(ल) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षकबाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।
(व) **"नगर सभा"** भन्नाले लम्कीचुहा नगरपालिकाको नगर सभा भन्ने सम्झनु पर्दछ ।
(श) **"माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा"** (सेकेन्डरी एजुकेसन एक्जामिनेसन SEE) भन्नाले माध्यमिक शिक्षाको अन्तमा हुने परीक्षा सम्झनु पर्दछ ।
(ष) **"आधारभूत शिक्षा उत्तीर्ण परीक्षा"** भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।
(स) **"तोकिएको वा तोकिएबमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकेको वा तोकिएबमोजिम भन्ने सम्झनु पर्छ ।
(ह) **"अनुमति"** भन्नाले यस नगरपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।
(क्ष) **"स्वीकृति"** भन्नाले तोकिएबमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नगरपालिकाले दिएको स्वीकृति भन्ने सम्झनु पर्छ ।
(त्र) **"आवासीय विद्यालय"** भन्नाले नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।
(ज्ञ) **"सहकारी विद्यालय"** भन्नाले नियमानुसार नेपाल सरकारबाट स्वीकृति प्राप्त कुनै सहकारी संस्थाले आफैले व्यवस्थापन गर्ने गरी वा साझेदारीमा व्यवस्थापन गरी सञ्चालन गरेको विद्यालय भन्ने सम्झनु पर्दछ ।

**(२) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा देहायको थप परिभाषा पनि रहनेछ -**

क. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।
(ख) **"शिक्षा अधिकृत"** भन्नाले लम्कीचुहा नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।
(ग) **"विद्यालय निरीक्षक"** भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।
(घ) **"स्रोतव्यक्ति"** भन्नाले विद्यालयको विभिन्न तहको शिक्षक पदमा पदाधिकार रहने गरी र लियन पद नरही स्रोतकेन्द्रको स्रोतव्यक्ति पदमा करारमा नियुक्त भई स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुको सुपरीवेक्षण गर्न, शैक्षिक सेवा, सुबिधा प्रवाह गर्न तोकिएको व्यक्ति भन्ने सम्झनु पर्दछ ।

**३. विद्यालय खोल्न अनुमति लिनुपर्ने :**

(१) कुनै नेपाली नागरिकले विद्यालय खोल्न चाहेमा सम्बन्धित वडा कार्यालयको सिफारिससहित तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनुपर्छ ।
(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन जाँचबुझ गर्नेछ । जाँचबुझ गर्दा



लम्कीचुहा नगरपालिका

विद्यालय खोल्ने अनुमति दिनु मनासिब देखिएमा तोकिएको सर्तबन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको सर्तबन्देज पालना गरेको देखिएमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ भएका बखत कम्पनीका रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तरगत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ । कम्पनी मातहत सञ्चालन भएका विद्यालयको हकमा संघीय सरकारको नियम अनुसार हुनेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमति दिनु मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३), (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवन वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) शैक्षिक गुठी अन्तरगत विद्यालय खोल्दा संघीय तथा प्रदेश ऐनमा तोकेबमोजिम हुनेछ ।

**(४) विद्यालयको सञ्चालन :**

विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**४. क) परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था :**

१.माध्यमिक शिक्षाको कक्षा १० को अन्त्यमा हुने परीक्षा बोर्डबाट सञ्चालन हुनेछ । तर आधारभूत तहको परीक्षा नगरपालिका स्तरमा हुनेछ ।

२.कक्षा दसको अन्त्यमा हुने परीक्षा प्रदेश स्तरमा र आधारभूत तहको अन्त्यमा हुने परीक्षा नगरपालिका स्तरमा सञ्चालन हुनेछ ।

३.परीक्षा सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. ख) माध्यमिक शिक्षाको मान्यता**

माध्यमिक शिक्षा उत्तीर्ण प्रमाणपत्रको मान्यता प्रवीणता प्रमाणपत्र तह वा उच्चमाध्यमिक तह उत्तीर्ण गरे सरह हुनेछ

**५. परीक्षाको परिचालन र नियन्त्रण :**

प्राथमिक शिक्षा उत्तीर्ण परीक्षा, आधारभूत तह उत्तीर्ण परीक्षा, माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (सेकेन्डरी एजुकेसन एक्जामिनेसन SEE) को परिचालन संघ र प्रदेश ऐन, नियममा तोकेबमोजिम हुनेछ ।

**६. माध्यमिक शिक्षाको प्रकार:**

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन् :

अ) साधारण माध्यमिक शिक्षा

आ) संस्कृत माध्यमिक शिक्षा

इ) प्राविधिक तथा व्यावसायिक

तर त्यस्तो शिक्षामा थप एक वर्ष तोकिए बमोजिम व्यावहारिक अभ्यास गराइने छ ।

**७. अनौपचारिक शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

१) नगर पालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा अनौपचारिक शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

२) कुनै विद्यालयले अनौपचारिक शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा नगरपालिकाले सो सम्बन्धमा जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ ।

३) विशेष शिक्षा, समावेशी शिक्षा, दूर शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिविहीन, न्यूनदृष्टियुक्त, पूर्ण दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता भएका तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम पाठ्यपुस्तक , शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिने छ ।

५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षाको सञ्चालन तोकिएबमोजिम हुने छ ।

**८. शिक्षाको माध्यम :**

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

२) माथि दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राथमिक शिक्षा मातृभाषामा दिन सकिने छ ।

३) भाषा विषयको शिक्षण गर्दा माध्यम सोही भाषा हुनेछ ।

**९.विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :**

विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्दछ ।

**१०. नगर शिक्षा समिति :**

(१) नगर कार्यपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि यस लम्कीचुहा नगर पालिकामा देहाय बमोजिमको नगर शिक्षा समिति रहने छ :

| | |
|---|---|
| (क) नगर कार्यपालिकाको प्रमुख वा सो काम गर्न तोकेको व्यक्ति | संयोजक |
| (ख) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ग) नगरकार्यपालिकाका महिला तथा दलित समेत दुई जना सदस्यहरू - | सदस्य |
| (घ) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्येवाट प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी समितिले तोकेको एक जना प्रधानध्यापक - | सदस्य |
| (च) संस्थागत विद्यालयहरूका प्रधानाध्यापक मध्येवाट प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी प्रमुखले तोकेको प्रधानाध्यापक एक जना - | सदस्य |
| (छ) नगरपालिका स्तरीय अभिभावक संघका तर्फबाट प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी प्रमुखले तोकेको प्रतिनिधी एक जना - | सदस्य |
| (ज) गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी नगरपालिकाको प्रमुखले तोकेको सदस्य १ जना - | सदस्य |
| (झ) शिक्षकहरुको छाता संगठन नेपाल शिक्षक महासंघको लम्कीचुहा नगरपालिकाको अध्यक्ष वा निजले तोकेको व्यक्ति सदस्य १ जना - | सदस्य |
| (ञ) शिक्षा समितिबाट मनोनीत समाजसेवी वा शिक्षाप्रेमी २ जना | सदस्य |
| (ट) बिद्यालय निरीक्षक र स्रोतव्यक्ति १/१ जना गरी २ जना | सदस्य |
| (ठ) शिक्षा अधिकृत - | सदस्य-सचिव |

(२) शिक्षा समितिको वैठक कम्तीमा प्रत्येक चौमासिकमा एक पटक वस्नुपर्नेछ ।

(३) मनोनीत सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

**११. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्ने :**

क) नेपाल सरकारले समुदायको सर्वाङ्गीण विकासका लागि साक्षरता, सिप विकास र निरन्तर सिकाइ समेतको काम गर्न गठित लम्कीचुहा नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रको रेखदेख, सञ्चालन र व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

ख) नगरपालिकाले आवश्यकता अनुसार लम्कीचुहा नगरपालिकाका प्रत्येक वडामा केन्द्र पर्ने गरी थप सामुदायिक सिकाइ केन्दहरु स्थापना गर्न सक्नेछ ।

**१२) अध्यापन अनुमति पत्र लिनुपर्ने :**

(१) संघीय कानुन अनुसार यो ऐन प्रारम्भ भएपछि शिक्षक सेवा आयोगबाट अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदको उम्मेदवार हुन पाउने छैन ।

(२) अध्यापन अनुमति पत्र सम्बन्धी व्यवस्था संघ र प्रदेश कानुनले तोकिएबमोजिम हुनेछ ।

लम्कीचुहा नगरपालिका

**१३. अनुदान कटौती नगरिने :**
नेपाल सरकारबाट सामुदायिक विद्यालयहरुलाई दिँदै आएको अनुदान रकममा कुनै प्रकारको कटौती गरिने छैन । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिने छ ।

**१४. छात्रवृत्ति व्यवस्था गर्न सक्ने :**
नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्ति व्यवस्था गर्न सक्नेछ ।

**१५. प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान दिने :**
नेपाल सरकारबाट नगरपालिकाको सहयोगमा खुलेका प्रारम्भिक बाल विकास केन्दलाई नगपालिकाले तोकिएबमोजिम अनुदान दिनेछ ।

**१६. प्रारम्भिक बालशिक्षा सम्बन्धी व्यवस्था :**
प्रारम्भिक बाल शिक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१७.(१) विद्यालयको व्यवस्थापन जिम्मा लिन सकिने :**
स्थानीय तह वा कुनै संघ संस्था वा व्यवस्थापन समितिले कुनै सामुदायिक विद्यालयको व्यवस्थापन लगायत सम्पूर्ण जिम्मा लिन चाहेमा तोकिएका कुराहरु खुलाई तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा तोकिएको सर्त पूरा गरेको देखिएमा तोकिएको अधिकारीले निवेदकलाई विद्यालयको व्यवस्थापन जिम्मा दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिएको पक्षले सो विद्यालयमा भर्ना गरिने शिक्षक, कर्मचारीको सेवा, सर्त र सुबिधा अन्य सामुदायिक विद्यालयका शिक्षक सरह हुनेछ ।

(४) उपदफा (२) बमोजिम विद्यालयको व्यवस्थापन जिम्मा लिएको पक्षले शिक्षक, कर्मचारीको नियुक्ति आफैले गर्न सक्नेछ । तर भर्ना प्रक्रिया शिक्षा नियममा तोके बमोजिम हुनेछ ।

(५) नगरपालिकाले साझेदारीमा विद्यालय खोल्न सक्नेछ, त्यस्तो साझेदारी दुबै पक्षको सहमतिमा तोकेबमोजिम हुनेछ ।

**१८. विद्यालय व्यवस्थापन समिति** :

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ :

(क) विद्यालयका अभिभावकले स्वयम मध्येवाट छानी पठाएका दुई जना महिला सहित चार जना - -सदस्य

(ख नगरपालिकाको वडा अध्यक्ष वा निजले तोकेका वडा प्रतिनिधि १ जना - सदस्य

(ग) विद्यालय क्षेत्रको चन्दादाता वा शिक्षाप्रेमी, संस्थापक, स्थानीय बुद्धिजीवी मध्येबाट एक जना महिलासहित दुई जना - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षक प्रतिनिधि एक जना - सदस्य

(च) प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालय निरीक्षकलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिने छ ।

(३) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ :

(क) विद्यालयका सञ्चालक वा लगानीकर्ताहरुले स्वयं मध्येवाट विद्यालयको सिफारिसमा शिक्षा अधिकृतले मनोनीत गरेको व्यक्ति -अध्यक्ष

(ख) विद्यालयका सञ्चालकहरुले स्वयं मध्ये १ जना महिला सञ्चालक सदस्य

(ग) नगरपालिको मनोनीत गरेको शिक्षाक्षेत्रमा अनुभवी व्यक्ति एक जना - सदस्य



लम्किचुहा नगरपालिका

(घ) सम्बन्धित विद्यालयको शिक्षक प्रतिनिधि एक जना - सदस्य
(ङ) विद्यालयको उच्चतम कक्षाको जेहेन्दार विद्यार्थी एकजना (प्रत्येक वर्ष विद्यार्थी परिवर्तन हुने) सदस्य
(च) विद्यालय व्यवस्थापन समितिबाट मनोनीत एक जना अभिभावक सदस्य
(छ) प्रधानाध्यापक -सदस्य सचिव

(४) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) (अ) को खण्ड - क) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ । तर संरक्षक रहेको अभिभावक व्यवस्थापन समितिको अध्यक्ष बन्न पाउने छैन । नयाँ बन्ने व्यवस्थापन समितिमा यो नियम लागू हुनेछ ।
(५) उपदफा (१) र (३) बमोजिम गठित व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ ।
(६) सामुदायिक विद्यालयको काम कर्तव्य र अधिकार तोकेबमोजिम हुनेछ ।
(७) संस्थागत विद्यालयको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,
ख) विद्यालयको लागि आवश्यक भोतिक साधनको व्यवस्था गर्ने,
ग) विद्यालयको चल अचल सम्पत्तिको कानुनले निर्धारण गरेबमोजिम सुरक्षा र संरक्षण गर्ने,
घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने,
ङ) नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम विद्यालयमा लागू गर्ने,
च) अध्यापन अनुमति पत्र लिएका व्यक्तिलाई शिक्षक पदमा नियुक्त गर्ने,
छ) नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,
ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,
झ) नगरपालिकाले दिएको निर्देशन पालना गर्ने,
(८) विद्यालय निरीक्षक र स्रोतव्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिने छ ।
(९) **विद्यालय व्यवस्थापन समिति विघटन/गठन गर्न सकिने :**
क) तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा नगरपालिकाले विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने अवसरबाट वञ्चित गरिने छैन ।
ख) कुनै विद्यालयमा कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा स्थानीय नगर शिक्षा समितिले विद्यालय प्रधानाध्यापकसँग सामान्य राय लिई व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**१९.विद्यालय कोष :**
(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायका रकमहरु रहनेछन् :
(क) नेपाल सरकारबाट प्राप्त अनुदान,
(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान,
(ग) नगरपालिकाबाट प्राप्त अनुदान ,
(घ) शुल्कबाट आउने रकम,
(ङ) चन्दा वा दानदातव्यबाट प्राप्त रकम र
(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**२०. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, मर्ज गर्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**
(१) नगरपालिको तोकिएको अधिकारीले नगर शिक्षा समितिको निर्णय अनुसार सञ्चालन भइरहेको कुनै विद्यालयलाई गाभी मर्ज गरी एउटा विद्यालय कायम गर्न नगरक्षेत्रभित्र एक ठाउँबाट अर्को ठाउँमा सार्न वा नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न वा अनुमति/स्वीकृति दिन सक्नेछ ।
(२) अन्य स्थानीय निकायबाट स्थानान्तरण भई आउन चाहने विद्यालयलाई नगरपालिकाले जाँचबुझ गरी मनासिब देखिएमा सार्न अनुमति दिनेछ । तर संस्थागत विद्यालयको हकमा वडामा तोकेको संख्या हेरेर मात्र स्थानान्तरणको अनुमति दिइनेछ ।
(३) नेपाल सरकारले आफैले शाखा विद्यालय खोल्नुपर्ने अवस्थामा बाहेक कुनै पनि सामुदायिक वा संस्थागत विद्यालयले शाखा विद्यालय खोल्ने अनुमति पाउने छैन ।

**२१. विद्यालयको सम्पत्ति** :

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ ।

(२) सारिएको, गाभिएको वा मर्ज भएको विद्यालयको सम्पत्ति सरेको, गाभिएको विद्यालयको दायित्वमा थपिने छ र बन्द गरिएको विद्यालयको सम्पत्तिको हकमा नगरपालिकाले अन्य सार्वजनिक काममा प्रयोग गर्नेछ ।

(३) कम्पनीको अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यलयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

**२२. विद्यालयको वर्गीकरण :**

विद्यालयलाई तोकिएको मापदण्डको आधारमा वर्गीकरण गरिने छ ।

**२३. शुल्कसम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकार वा प्रदेश सरकारले निःशुल्क घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, दातव्य, उपहार, चन्दा वा सहयोग लिन सकिने छ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकारको नीतिलाई नगरपालिकाले अवलम्बन गर्नेछ ।

(४) विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा निःशुल्क हुनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई भर्ना गर्दा कुनै एक कक्षामा भर्ना गरी शुल्क लिइसकेपछि पुनः अर्को कक्षामा भर्ना शुल्क लिन पाउने छैन ।

(६) कुनै पनि विद्यालयले विद्यार्थीबाट भौतिक संरचना निर्माणको लागि शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयको वर्गीकरण र विद्यालयले उपलब्ध गराएको सुबिधाको आधारमा लिनुपर्नेछ ।

(८) ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

**२४. शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्ने :**

नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी शिक्षकको अनुपात कायम गर्नुपर्नेछ ।

**२५. शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने :**

देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने छ :

क) पदीय दायित्व पूरा नगरेमा,

ख) विनासूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अनुमति नलिई अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

च) शिक्षक वा कर्मचारी पेसागत संगठनबाहेक राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा

**स्पष्टीकरण :** कार्यकारिणी भन्नाले कुनै राजनतीतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्ला वा स्थानीय स्तरको कार्यकारिणी समिति सम्झनुपर्छ ।

नगरपालिका

**२६. शैक्षिक योग्यता :**

विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता संघीय तथा प्रदेश कानुनबमोजिम हुनेछ ।

**२७. स्थायी आवासीय अनुमति लिन नहुने :**

सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले विदेशमा कुनै प्रकारको स्थायी आवासीय (पी. आर., डी, भी. आदि) अनुमति लिन वा प्राप्त गर्न हुँदैन । कुनै शिक्षक वा कर्मचारीले त्यस्तो अनुमति लिएको ठहर भएमा त्यस्तो शिक्षक, कर्मचारीलाई सेवाबाट बर्खास्त गरिने छ । यससम्बन्धी अन्य व्यवस्था संघीय कानुनले तोकेबमोजिम हुनेछ ।

**२८. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्राप्त गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिने छ ।

**२९. अदालतको आदेशबाट पुनर्बहाली हुन सक्ने :**

विभागीय सजाय पाई नोकरीबाट हटाइएको शिक्षक वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबाट पुनर्बहाली हुन सक्नेछ ।

**३०. शिक्षकको नियुक्ति, सरुवा र बढुवासम्बन्धी व्यवस्था संघ र प्रदेशको कानुन बमोजिम हुनेछ । तर नगरक्षेत्रभित्र नगरपालिकाले कारण खुलाई शिक्षकको सरुवा गर्न सक्नेछ ।**

**३१. तलबभत्ता नपाउने र सेवा अवधी गणना नहुने :**

दफा २९ मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवस्थामा तलबभत्ता पाउने छैन र त्यस्तो अवधी निजको सेवामा गणना हुने छैन ।

**३२. कर्मचारी व्यवस्था :**

(१) सामुदायिक विद्यालयमा मन्त्रालयले स्वीकृत गरेबमाजिमको कर्मचारीको दरबन्दी रहनेछ र सेवा, सर्त, सुबिधा संघीय तथा प्रदेश कानुनले तोकेबमोजिम हुनेछ ।

**३३. बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**३४. अनुमति नलिई शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न नपाइने :**

(१) कसैले पनि यस ऐनबमोजिम नगरपालिकाको अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा, कोचिङ सेन्टर वा तालिम सेन्टर वा एजुकेसनल इन्स्टिच्युट आदि शैक्षिक कोर्सहरु सञ्चालन गर्न पाउने छैन ।

(२) उपनियम (१) बमोजिमका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दा नगरपालिकाबाट तोकेबमोजिम अनुमति लिनुपर्नेछ ।

**३५. प्रगति विवरण बुझाउनु पर्ने :**

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण सम्बन्धित स्थानीय निकायको शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

**३६. दण्ड सजाय :**

(१)कसैले विद्यालयको सम्पत्ति हिनामिना गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिबाना गर्न सक्नेछ ।

(२) कसैले देहायको कार्य गरेमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुबै सजाय हुनेछ ।

क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापर्वाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

ग) अरुको तर्फबाट परीक्षा दिएमा,

घ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कार्य गरेमा,

ङ) विद्यार्थी भर्नागर्दा दान, उपहार वा कुनै रकम लिएमा,

च) परीक्षा फल प्रकाशसमा अनिमितता गरेमा,

छ) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(३) उपदफा (१) र (२) बमोजिमको कसुर गरेको व्यक्ति मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ ।

(४) कसैले यो ऐन र ऐनको नियममा उल्लेखित कुराहरु उल्लङ्घन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिमको सजाय गर्नेछ :

(क) विद्यालयका शिक्षक र कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावासबाट निष्कासन गर्ने,

(ग) कसूरको मात्रा हेरी एक हजारदेखि पच्चिस हजारसम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई दिइएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

**३७. शिक्षकलाई पुरस्कार, पदक तथा प्रशंसापत्र प्रदान गरिने** :

शिक्षाको क्षेत्रमा राम्रो काम गर्ने, लगनशील, अध्ययनशील, अनुशासित एवं कर्तव्यपरायण शिक्षकलाई कामको प्रकृति हेरी देहायबमोजिम उचित पुरस्कार, पदक तथा प्रशंसापत्र प्रदान गरिने छ ।

**३८. विद्यालयको सम्पत्तिसम्बन्धी मुद्दाको दायरी, तहकिकात र किनारा नेपालसरकारको संघीय कानुन अनुसार हुनेछ ।**

**३९. नियम बनाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वियन गर्न नगरपालिकाले नियम तथा कार्यविधिहरु बनाउन सक्नेछ ।

**४०. यस ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अट्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अट्काउ हटाउन राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ ।**

लालबन्दी नगरपालिका

**४१. खारेजी, बचाउ र लागू हुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कार्वाही चलाउन बाधा गर्ने छैन।

(३) यस ऐनमा लेखिएको कुनै दफा, उपदफा नेपाल सरकार संघीय तथा प्रदेश कानुनमा बाझेको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

ऐन संख्या २
नगरसभाले पास गरेको मिति : २०७५/०२/०४
प्रमाणीकरण मिति : २०७५/०४/१०

**आज्ञाले**

**हिमालय बम**

**नि. प्रमुख प्रशासकीय अधिकृत**

लम्कीचुहा नगरपालिका